मेलम्ची खानेपानी आयोजनाको पहिलो चरण अनतर्गत मेलम्ची नदीवाट २६ कि.मि. लामो सुरुङ्ग मार्फत दैनिक १७ करोड लिटर खानेपानी काठमाण्डौको जनतालाई उपलब्ध गराउन यस मेलम्ची खानेपानी विकास समितिको २ दशकको अथक प्रयास पछी करिव करिव अन्तिम चरणको पुगेको बेला निर्माण व्यवसायीले आयोजना स्थल छोडी जादा निर्माण कार्य रोकिन गएको कारण यस समिति तथा अन्य सम्पुर्ण सरोकारवालाहरुमा दुःख लाग्नु स्वभाविक हो। करिव १०% मात्र काम वाकी रहदा निर्माण व्यवसायी CMC di Ravenna निर्माण कार्य छोडी आफ्नो देश फर्कनुमा CMC को आफ्नै आन्तरिक व्यवस्थापनको कमजोरी रहेको प्रष्ट देखिन्छ।

निर्माण व्यवसायी को आधिकारिक Web site(www.cmcgruppo.com) वाट गत ७ डिसेम्बर २०१८ मा जारि गरिएको प्रेस बिज्ञसी अनुसार कम्पनि Italian Insolvency Law अनुसार Restructuring/ Insolvency Proceeding मा रहेको छ। उक्त कम्पनीको हालको व्यवस्थापन बिभिन्न देशहरुमा संकास्पद रहेको र Web site मा समेत मेलम्ची खानेपानी आयोजनाको काम 100% complete भएको भनेर उल्लेख हुनुले आन्तरिक व्यवस्थापन नै कमजोर रहेको पुष्टीहुन जान्छ।

निर्माण व्यवसायीको प्राविधिक तथा आर्थिक क्षमता वोलपत्र मूल्यांकनको क्रममा प्रवाहग्राही देखिएको तर निर्माण स्थलमा निर्माण व्यवसायीले आफनो क्षमता अनुसरको प्राविधिक तथा आर्थिक क्षमताको सदुपयोग गर्न नसकेको र समग्र स्रोत व्यवस्थापन शुरु देखि नै कमजोर रहेको थियो यसकारण निर्माण व्यवसायीले ठेक्का सम्झौताको सुरु देखि नै आफुले कबोल गरेको कार्य तालीका अनुसारको निर्माण कार्य सम्पादन गर्न नसकेको स्थिति रहेको थियो । निर्माण व्यवसायीले १२ बैशाख २०७२ को भूकम्प पछी तत्काल सवै साईटहरुमा निर्माण कार्य सुरु गर्न नसक्नुमा आफुलाई नगद परिचालनमा समस्या हुदै आएको जानकारि गराईएको थियो । यसका साथै निर्माण व्यवसायीको अनावश्यक दावी गर्ने, असहमति खडा गर्ने नियमित रुपमा आफ्ना सप्लायरहरुलाई भुक्तानी नदिने प्रबृति रहेका कारण आयोजनामा पटक पटक असहज स्थिति सृजना भएको थियो।

पटक पटक व्यवस्थापन सुधारका लागि आवश्यक निर्देशन तथा सहजिकरण यस समिति र परामर्शदाताको तर्फवाट गरिदै आएको थियो। खानेपानी मन्त्रालय,मेलम्ची खानेपानी विकास समिति तथा परामर्सदाताका तर्फवाट निर्माण व्यवसायी संग नियमित बैठकहरु र छलफलहरु गरि समस्या समाधानका गरिएको थियो र सिन्धु- ग्याल्थुम खण्डमा केहि चेनेजहरुमा अत्यन्तै कमजोर चट्टानरहेकोले आयोजना समयमै सम्पन्न हुन कठिनाई आई परेका कारण निर्माण व्यवसायीलाई नया प्रविधि तथा उपकरणहरु खरिद गर्नका लागि नियमित मोबिलाईजेसन पेस्की कट्टीगर्ने प्रवधान अनुसारनै कट्टी गर्ने गरि २ पटक मा गरि करिव ८० करोड बरावरको थप पेस्की ( Additional Advance) समेत उपलब्ध गरिएको थियो।

चैत २०७४ को सिन्धु ग्याल्थुम सेक्सनको ब्रेक थ्रु पछी पनि निर्माण व्यवसायीवाट Poor Cashflow को कारण निर्माण कार्य प्रभावित भएको र कार्य सुचारु गर्न मेलम्ची खानेपानी विकास समितिका तर्फवाट आवस्यक सहजिकरण ( Provisional Payment, Direct payment to Suppliers) गरिएको हो।

ठेक्का सम्झौतामा निर्माण कार्य तोकेको समय अगाडि सम्पन्न गर्ने सकेको अवस्थामा निर्माण व्यवसायीलाई बोनस दिन सकिने व्यवस्था समेत राखिएको भएता पनि निर्माण व्यवसायीको कमजोर व्यवस्थापनको कारण कार्यान्वयन हुन नसकेको अवस्था हुन गयो ।

यसकारण आयोजनाको कार्यहरु समयमै सम्पन्न गराउन मेलम्ची खानेपानी विकास समितिका तर्फवाट हरसम्भव पहल गरिएको भएतापनि निर्माण कार्य लक्ष अनुसार हुन नसक्नुमा उक्त कम्पनी कै कमजोर आन्तरिक व्यवस्थापन रहेको प्रस्ट हुन्छ।

हाल निर्माण व्यवसायीले निर्माण छोडि जानुको मुख्य कारण भुकम्प पश्चात हेडवर्क्समा अत्याधिक Open Cut गर्नु परेको र यसवाट निर्माण व्यहसायीले आफुलाई थप असहजता Difficulty Factor बृद्धि हुन गएकोले क्षतिपुर्ति वापत दावि गरेको रु.१ अर्व ६५ करोड मध्ये मेलम्ची खानेपानी विकास समितिले Provisional रुपमा परामर्शदाताको सिफारिस अनुसार वास्तविक वृद्धि भएको कार्यको परिमाणलाई नयाँ दर रेट अनुसार कायम हुन जाने रकम रु. २८ करोड भुक्तानी दावि गरेको प्रारम्भ मै दिईसकेको र October 2018 मा DB को निर्णय अनुसार थप ३६ करोड क्षतिपुर्ति दिन यस समिति तयार रहेको अवस्थामा CMC di Ravenna वाट एकासी ठेक्का तोडिएको पत्र प्राप्त भएको थियो। यसका पछाडि निर्माण व्यवसायी Itally मै Italian Insolvancy Law अनुसार कुनै पनि किसिमका कारोवार गर्न बन्देजमा परेको र खाता समेत रोक्का भएको अवस्था हो। साथै CMC ले आफुले सम्पादन गरेको कार्यको भुक्तानी मेलम्ची खानेपानी आयोजनावाट समयमै नियमित रुपमा प्राप्त गरे पनि आफना Sub Contractor र Suppliers लाई उधारोमा काम गराइएको र निजहरुलाई निर्माण सामाग्रिहरु उपलब्ध गराए वापतको करिव १ अर्व भन्दा बढी भुक्तानी नदिएको खुल्न गएको छ । यिनै कारणहरुले गर्दा निर्माण व्यवसायीले ठेक्का तोडने पत्र पठाएको र निर्माण स्थल छोडि जाने अवस्था सृजना हुन गएको हो र यसका पछाडि निर्माण व्यवसायीको बदनियत तथा व्यवहार मात्र रहेको र यस बाहेक अन्य कुनै कपोलकल्पित कारण नभएको समेत जानकारी गराउदछु।

यसरी निर्माण व्यवसायी कुनै किसिमको कार्यहरु गर्न वन्देजमा परेकोले मेलम्ची खानेपानी आयोजनको हेडवर्क्स तथा सुरुङ्ग निर्माण निजवाट सम्पन्न नहुने अवस्था रहेकोले वाँकी कामहरु सम्पन्न गर्न नयाँ ठेक्का आवश्यक भएकोले साविकको निर्माण व्यवसायीसंग ठेक्का सम्झौता रद्द गर्नको अन्य कुनै विकल्प नदेखिएकोले साविकको ठेक्का सम्झौता २००७५।१०।६ को Notice of Contract Termination त्यस पछी नियम अनुसारको Letter of Contract Termination को पत्र पठाइ सकेको छ।

आयोजनालाई यथाशिघ्र सम्पन्न गर्न दातृ निकाय ADB समेतको पहलमा आवश्यक सवै दस्तावेज तयार गर्न र कार्यान्वयनको खाका तयार गर्ने कार्य शुरु गरिसकेकोले नयाँ निर्माण व्यवसायीवाट वाकी रहेका काम सम्पन्न गर्न विकास समिति क्रियासिल रहेको छ। यस कारण सम्वन्धित सरोकारवालालाई अनुमान गरेको र कपोलकल्पित तथ्यहरुको आधारमा नितान्त व्यक्तिगत निष्कर्शहरु सार्वजनिक गरिदा आयोजनाको कार्यान्वयनमा असहजता हुने र कार्यान्वयन गर्ने निकायलाई हतोत्साही बनाउने भएकोले वास्तविकताको अध्ययन विश्लेषण जिम्मेवार नागरिकका हैसियतले गर्न धैर्य धारण गर्न समेत अनुरोध गरिन्छ।